**नेपाली / *NEPALI***

अक्टोबर ६, २०२५

विषय: योगदानको अभियान (*Partners in Giving*) का साथ "भोलिको राम्रो भविष्य बनाउन" सहयोग गर्नुहोस्

आदरणीय सहकर्मीहरू,

हरेक शरद सेमेस्टरमा, ***Partners in Giving*** — राज्य, *Universities of Wisconsin* तथा *UW Health* का कर्मचारी र अवकाश लिएका व्यक्तिहरूका लागि कार्यस्थलको एक वार्षिक योगदान अभियानले — हाम्रा समुदायहरू र ती बाहेक सयौँ स्थानीय, राज्य, राष्ट्रिय र अन्तर्राष्ट्रिय परोपकार संस्थाहरूलाई समर्थन गर्न हाम्रो क्याम्पसलाई एकजुट गराउँदछ।

आज, हामी यस वार्षिक परम्परा शुरूवात गर्दै तपाईंलाई हामीसँग मिलेर "भोलिको राम्रो भविष्य बनाउन" आमन्त्रण गर्दछौं।

**किन योगदान प्रदान गर्ने**

हाम्रो क्याम्पसलाई परिभाषित गर्ने उदारता र सेवाको भावनाका साथ, विश्वविद्यालयका तपाईं जस्ता हजारौँ कर्मचारीहरू सहकर्मीहरूसँग मिलेर हाम्रो समुदाय र अन्य *Partners in Giving* ले प्रदान गर्ने मित्रता र सकारात्मक प्रभावलाई बलियो बनाउनुहुन्छ। गएका ५३ वर्षमा, यस अभियानले स्थानीय, राज्य, राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा समुदायहरूलाई सुधार गर्न काम गर्ने सयौँ परोपकारी संस्थाहरूलाई समर्थनका साथ सामूहिक रूपमा ९ करोड डलर भन्दा बढी रकम जुटाएको छ।

**कसरी योगदान प्रदान गर्ने**

- शरद सेमेस्टरको सक्रिय अभियान **अक्टोबर ६ देखि डिसेम्बर २** सम्मको छ, तर योगदानहरू मे १५, २०२६ सम्म स्वीकार गर्न सकिन्छ। तलब कटौती मार्फत प्रदान गर्न चाहनुहुन्छ भने, तपाईंको योगदान शरद सेमेस्टरको अभियानको मिति भित्रमा प्रदान गरिनुपर्दछ।
- तपाईंले अन्लाईन *e-pledge* वा हुलाक मार्फत पठाउन मिल्ने फारम मार्फत योगदान प्रदान गर्न सक्नुहुन्छ। आफ्नो योगदानका चयनहरूका बारेमा थप जानकारी पाउनुहोस्। *E-pledge* *Partners in Giving* को वेबसाईट अन्तर्गतको "*Donate Now*" मा भेट्न सकिन्छ।
- **तपाईंले आफ्नै परोपकारी संस्थाहरू रोज्नुहुन्छ** — वा सामूहिक संस्था रोज्ने चयन पाउनुहुन्छ जसले तपाईंको योगदान विभिन्न संस्थामा वितरण गर्नेछन्। सहभागी संस्थाहरूको सूची हेर्नुहोला।

**क्याम्पस सम्बन्धहरू**

अभियानलाई समर्थन गर्न क्याम्पसभरि दर्जनौँ सहकर्मीहरू स्वयंसेवकको रूपमा काम गरिरहनु भएको छ। तपाईंले आगामी हप्ताहरूमा कार्यक्रम वा मैत्रीपूर्ण प्रतियोगिताहरूको बारेमा यी स्वयंसेवकहरूबाट सञ्चारहरू, साथै अभियानको बारेमा महत्त्वपूर्ण जानकारीहरू देख्न सक्नुहुन्छ। युनिट स्तरीय कार्यक्रमहरूमा भाग लिनु सम्बन्ध र साझा उद्देश्यको उत्सवको एउटा उत्कृष्ट अवसर हो !

**कृतज्ञताको एउटा नोट**

*Partners in Giving* अभियान मार्फत सामूहिक प्रभाव पार्न हामीसँग सामेल हुनुहुने सबैप्रति हामी आभारी छौं। हामी यस क्याम्पसका सदस्यहरूले समुदायमा योगदान पुऱ्याउने विविध तरिकाहरूलाई पनि मान्यता दिन्छौं र प्रशंसा गर्छौं, यो बुझेर कि आर्थिक उपहार सधैँ सम्भव

हुँदैन वा योगदान पुर्‍याउनका लागि मनपर्ने तरिका होइन। तपाईं आफ्नो पैसा, समय वा प्रतिभा मार्फत *Partners in Giving* वा अभियान बाहिरका परोपकारी उद्देश्यहरूको समर्थन गर्दै हुनुहुन्छ भने हामी तपाईंले क्याम्पस र समुदायमा ल्याउनुभएको सेवाको भावनाप्रति आभारी छौं।

"साथमा भोलिको राम्रो भविष्य बनाउन" सहयोग गर्नुभएकोमा धन्यवाद।

भवदीय,

**Jeff Novak**
*Partners in Giving* विश्वविद्यालय संयुक्त अभियान समितिका सह अध्यक्ष
संयुक्त उपकुलपति - युनिभर्सिटी हाउजिङ्ग

**Nikki Davis**
*Partners in Giving* विश्वविद्यालय संयुक्त अभियान समितिका सह अध्यक्ष
अन्तर्राष्ट्रिय विभागका कर्मचारी प्रमुख

*Partners in Giving को बारेमा प्रश्नहरू छन् वा सहयोगको आवश्यकता छ ? विश्वविद्यालय अभियान समन्वय समितिलाई सम्पर्क गर्नुहोला*